# <u>जिल्ला समन्वय समिति निर्वाचन (तेस्रो संशोधन) निर्देशिका, २०७४</u>

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०७।९**

जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम "जिल्ला समन्वय समिति निर्वाचन (तेस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ को दफा ३ मा संशोधन</u> : जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले गराउने कुनै निर्वाचनको प्रयोजनको लागि मुख्य निर्वाचन अधिकृतको रुपमा नियुक्त भएको जिल्ला न्यायाधीशलाई आयोगले न्याय परिषद्को परामर्शमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचनको लागि समेत मुख्य निर्वाचन अधिकृतको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।"

३. <u>मूल निर्देशिकाको दफा २८ मा संशोधन</u> : मूल निर्देशिकाको दफा २८ को उपदफा (२ख) पछि देहायको उपदफा (२ग) थपिएको छ :-

"(२ग) उपदफा (१), (२) र (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (३) बमोजिम तोकिएको मुख्य निर्वाचन अधिकृतलाई आयोगले गराउने अन्य निर्वाचन प्रयोजनको लागि भत्ता तथा खाना खाजा खर्च उपलब्ध गराइएको अवस्थामा यस निर्देशिका बमोजिमको निर्वाचन भत्ता तथा खाना खाजा खर्च वापतको सुविधा उपलब्ध गराइने छैन । त्यस्तो मुख्य निर्वाचन अधिकृतलाई बढीमा एक्काइस दिनको लागि प्रतिदिन दुई हजार रुपैयाँका दरले हुन आउने रकम थप सुविधा वापत उपलब्ध गराइनेछ ।"